## दोस्रो नौ साताको विकल्पहरू
## सारांश

### प्रारम्भिक (इलमेन्ट्री)

**ग्रेडहरू K-2-** आमावुवासँग उनीहरूको बालबालिकालाई साताको चार (4) दिन **व्यक्तिगत रूपमा** वा साताको पाँच (5) दिन **अनलाईन**मा उपस्थित गराउने विकल्प हुनेछ । सबै विद्यार्थीहरूका लागि बुधबारहरू अनलाईन दिनको रूपमा रहनेछन् । यदि विद्यार्थीहरूको साधनमा पहुँच छैन भने, कामको कागजी प्याकेटहरू उपलब्ध गराइनेछ ।

K-2 आमाबुवाहरू, कृपया शुक्रबार, अक्टोबर 23 मा सार्वजनिक गरिएको सर्वेक्षण पुरा गर्नुहोस् । सर्वेक्षण बुधबार, अक्टोबर 28 को दिउँसो 3 बजे बन्द हुनेछ । संक्रमणकाल बिहीबार, नोभेम्बर 5, 2020 मा हुनेछ ।

**ग्रेड 3-5**- प्रत्यक्ष व्यक्तिगत रूपमा हुने सिकाइका लागि विद्यार्थीहरू M/Th वा T/Fr को हाइब्रिड तालिकामा रहनेछन् । विद्यार्थीहरू व्यक्तिगत रूपमा नभएका दिनहरू निर्देशनात्मक दिनहरू हुनेछन् । यदि विद्यार्थीहरूको साधनमा पहुँच नभएमा, कागजी प्याकेटहरू घरमा पठाइनेछ र ती पुरा गरी अर्को व्यक्तिगत रूपमा उपस्थित हुने दिनमा फिर्ता गर्ने अपेक्षा गरिन्छ । यदि बच्चाले प्रगति रिपोर्ट प्राप्त गरेको छ वा खास कोर्समा असफल हुने खतरामा परेको छ भने दूर माध्यमबाट उपचारात्मक समय तालिका मिलाउन आमावुवालाई व्यक्तिगत रूपमा बुधबारहरूमा सम्पर्क गरिएको थियो । यदि तपाईंलाई सम्पर्क गरिएको थियो भने, कृपया उपचारात्मक फारम भवनको प्रिन्सिपलकहाँ फिर्ता दिनुहोस् । दोस्रो भाषाको रूपमा अंग्रेजी (इएसएल) मा शैक्षिक रूपमा संघर्ष गरिरहेकालाई पनि बुधबार इएसएल शिक्षकहरूसँग काम गर्न आमन्त्रण गरिनेछ । उपचारात्मक कक्षाहरू बुधबार, अक्टोबर 28, 2020 मा शुरू हुनेछन् ।

हाइब्रिडबाट अनलाईन वा अनलाईनबाट हाइब्रिडमा परिवर्तन गर्ने अनुरोध हरेक नौ साताको मध्यमा र हरेक नौ साताको अन्तमा लिइनेछ । कक्षाकोठामा कम्तीमा तीन फिटको भौतिक दूरी कायम गर्न सकिने अवस्थामा अनुरोधहरूलाई स्विकृत गरिनेछ ।

क्याफेटेरिया र जिममा, छ फिटको भौतिक दूरी कायम गरिनेछ ।

### माध्यमिक

**ग्रेडहरू 6-12**- विद्यार्थीहरू M/Th वा T/Fr को हाइब्रिड समय तालिकामा रहनेछन् । सबै विद्यार्थीहरूका लागि बुधबारहरू अनलाईन दिन रहनेछन् । यदि बच्चाले प्रगति रिपोर्ट प्राप्त गरेको छ वा खास कोर्समा असफल हुने खतरामा परेको छ भने शिक्षकसँग दूर माध्यमबाट उपचारात्मक समय तालिका मिलाउन आमावुवालाई व्यक्तिगत रूपमा सम्पर्क गरिन्छ। यसका अतिरिक्त, सोमबार, नोभेम्बर 9 मा शुरू हुने गरी, व्यक्तिगत रूपमा उपचारात्मक र सहायताको फाइदा लिन चाहने दूरमा रहेका विद्यार्थीहरूले शिक्षकहरूलाई स्कूलमा तलको तालिकाअनुसार 2:15 देखि 3:15 PM को समयमा भेट्न सक्नेछन् ।

सोमबारको दिउँसो (2:15PM-3:15PM) – गणित, विज्ञान, ललित कला (फाइन आर्ट्स), र इएसएल
मंगलबारको दिउँसो (2:15PM-3:15PM) – अंग्रेजी, सामाजिक अध्ययन, विदेशी भाषा र इएसएल
बिहीबारको दिउँसो (2:15PM-3:15PM) – शारिरीक शिक्षा, व्यवहारिक कलाहरू, विशेष शिक्षा र इएसएल

हाइब्रिडबाट अनलाईन वा अनलाईनबाट हाइब्रिडमा परिवर्तन गर्ने अनुरोध हरेक नौ साताको मध्यमा र हरेक नौ साताको अन्तमा लिइनेछ । कक्षाकोठाहरूमा कम्तीमा तीन फिटको भौतिक दूरी कायम गर्न सकिने अवस्थामा अनुरोधहरूलाई स्विकृत गरिनेछ ।

विद्यार्थीहरूले लन्चको अवधीमा क्याफेटेरियामा भौतिक दूरी कायम गर्न जारी राख्नेछन् ।